आज मिति २०८१-०८-२६ गतेका दिन दिउँसो २:०० बजे पर्सागढी नगरपालिकामा नगर प्रमुख श्री गोकर्ण पाठक ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहायका ऐजेण्डाहरु माथि छलफल गरि निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोकर्ण पाठक | नगर प्रमुख | |
| २ | श्री पूजा चौधरी | नगर उप प्रमुख | |
| ३ | श्री राज कपुर खवास | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र प्रसाद महतो थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुकमान तामाङ्ग | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री शेष खुर्सेद मियाँ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री नितेश मिश्रा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नवल किसोर प्रसाद कलवार | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शंकर राय भर | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुन्दरी देवी थरुनी | ८ नं. वडा अध्यक्ष | |
| ११ | रामबढाई प्रसाद यादव | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री दिल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १३ | श्री मोहन लाल महतो | कार्यपालिका सदस्य | |
| १४ | श्री असलम आलम | कार्यपालिका सदस्य | |
| १५ | चन्दा देवी थरुनी | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १७ | सिता देवी लामा | कार्यपालिका सदस्य | |
| १८ | सुनिता कुमारी देवी | कार्यपालिका सदस्य | |
| १९ | सबिता गिरी | कार्यपालिका सदस्य | |
| २० | श्री हरिकिशोर प्रसाद चन्द्रवंशी | सदस्य सचिव | |

CamScanner

मिति २०८१/०८/२६ गते बुधबारका दिन बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु

| सि.नं. | ऐजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | योजना स्वीकृत सम्वन्धमा | पर्सागढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमहरु यसै कार्यक्रमको स्थानीय निर्देशक समितिको मिति २०८१-०६-०२ गतेको दिन बसेको बैठकले स्वीकृत गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । |
| २ | सामाजिक सुरक्षा भत्ताको छुट रकम माग गर्ने सम्वन्धमा | यस पर्सागढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिकमा विभिन्न वडा कार्यालयको ७४ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता रकम रु. ४५०६६७।— (अक्षरेपी रु चार लाख पच्चास हजार छ सय सड्सठी रुपैया) भुक्तानी गर्न बाकी रहेको हुँदा सम्बन्धित कार्यालयबाट माग गर्ने निर्णय गरियो । |
| ३ | व्यवसायिक अभिलेखिकरण सम्वन्धमा | यस पर्सागढी नगरपालिका भित्र रहेको सम्पूर्ण व्यवसायहरुको अभिलेखिकरण गर्न सम्बन्धित व्यक्तिलाई जानकारीको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| ४ | स्थानीय तह संस्थागत क्षमता (LISA) स्वमुल्याङ्कनको नतिजा पारित तथा प्रकाशन सम्वन्धमा | यस पालिकाको गत आर्थिक वर्ष २०८०/०८१ मा भए गरेको काम कार्वाहीलाई समेटी तयार गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्न (LISA) को प्रारम्भिक नतिजा प्रस्तुत गर्ने तथा बैठकमा प्रस्तुत नतिजालाई यसै बैठकवाट पारित गरि प्राप्त नतिजा प्रकाशन गर्ने निर्णय गरियो । |
| ५ | आखाँ शिविर संचालन गर्ने सम्बन्धमा | यस पर्सागढी नगरपालिका भित्र निशुल्क आखा शिविरको लागि तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौ संग भएको सम्झौता बमोजिम मोतिया विन्दु तथा अंन्धोपन गराउने खालका आँखाको रोगहरुको अप्रेशन तथा विरामी छनौटको लागि गरिने स्किनिङ्ग क्याम्पहरु व्यवस्थित बनाउन ब्यापक प्रचार प्रसार गर्नुको साथै आवश्यक पर्ने आर्थिक सहित सम्पुर्ण व्यवस्था मिलाउने निर्णय गरियो । |
| ६ | आखाँ केन्द्र स्थापना सम्बन्धमा | यस नगरपालिका तथा आसपासका स्थानीय तह भित्र रहेका नेत्र रोगी सम्बन्धित विरामीहरुको नियमित उपचार व्यवस्था मिलाउन तिलगंगा आँखा प्रतिष्ठानको तर्फबाट यस नगरपालिकाभित्र एउटा आखाँ केन्द्र स्थापना गरिदिन हुन तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौलाई अनुरोध गर्ने र उक्त कार्यको लागि आवश्यक भौतिक व्यवस्था पर्सागढी नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ७ | योजना माग गर्ने सम्वन्धमा | यस पर्सागढी नगरपालिका वडा नं. ०६ मा रहेको ऐतिहासिक गढी पर्सागढी जाने बाटोमा पर्ने सिङ्गियाही खोलामा RCC पुल निर्माणको लागि सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ८ | योजना समावेश सम्वन्धमा | यस पर्सा जिल्लाको ३ प्रमुख पूर्व पश्चिम जोडने सडक मध्य उत्तर तर्फको जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा.को जितपुर बजार देखि ठोरी तर्फ आवत-जावत गर्ने मुख्य सडक जनता सडक RADP Program परियोजनाले वनाएको पक्की सडकको मर्मत संम्भार, विस्तार र स्तरउन्नती को लागि आवश्यक बजेट विनियोजन गरिदिनु हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो। |

FRA | LISA Nepal - Dashboard

lisa.mofaga.gov.np/dashboard

पर्सागढी नगरपालिका
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन
Local Government Institutional Capacity Self-Assessment (LISA)

ड्यासबोर्ड | फारम | नक्सा

प्रारम्भिक नतिजा तयार हुँदै — पुनरावलोकनका लागि पेश — पुनरावलोकन सम्पन्न — अनुमोदनका लागि पेश — अन्तिम नतिजा सार्वजनिक

प्रारम्भिक नतिजा प्राप्त भए, कृपया फारमको सबै सूचकहरूमा स्वमुल्याङ्कन भएको र आवश्यक सबै प्रमाणीकरणका आधारहरु रहेको रजु गर्नुहोस्। छलफल र प्रमाणीकरणका लागि तयार भए फाराम "पेश गर्नुहोस्" ।

## पर्सागढी नगरपालिका

### जम्मा प्राप्ताङ्क

८२%

औसत

| | |
|---|---|
| समग्र स्थिति | ८३.३३% |
| प्रक्रियागत स्थिति | ७३.५३% |
| परिमाणात्मक स्थिति | ८७.७८% |

### नक्सा

Type here to search